आज मिति २०८२।०३।०८ गते आइतबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८१।८२ को बाह्रौँ बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | युवराज थापा | व.प्र.अ., बेनी न.पा. | |
| २ | गोकुल शर्मा | लेखा अधिकृत, बेनपा | |
| ३ | | | |
| ४ | | | |

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

## आर्थिक वर्ष २०८१।८२ को बाह्रौँ कार्यपालिका बैठकका निर्णयहरु

(मिति: २०८२।०३।०८ गते)

१. बेनी नगरपालिकाको नगर सभाको आसन्न १७ औँ अधिवेशनमा अनुमोदनका लागि प्रस्तुत गर्ने गरी तयार भएको अनुसूची (१) बमोजिमको बेनी नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने।

२. बेनी नगरपालिकाको राजस्व परामर्श समितिले आवश्यक छलफल तथा अध्ययन पश्चात् गरेका निर्णयका आधारमा बेनी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको बेनी नगरपालिकाको आर्थिक विधेयक, २०८२ मा आवश्यक संशोधन गरी अनुसूची (२) बमोजिम हुने गरी बेनी नगरपालिकाको आर्थिक विधेयक, २०८२ अनुमोदनका लागि बेनी नगरपालिकाको १७ औँ नगर सभामा पेस गर्ने।

३. बेनी नगरपालिकाको आ.व. २०८२।८३ को बजेटमा समावेशका लागि पेस हुन आएका वडास्तरीय योजनाहरु तथा समितिगत योजनाहरुका आधारमा बेनी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको बेनी नगरपालिकाको विनियोजन विधेयक, २०८२ मा आवश्यक संशोधन गरी अनुसूची (३) बमोजिम हुने गरी नगर सभामा पेस गर्ने।

४. निर्णय नं. २ बमोजिमको आर्थिक विधेयक र निर्णय नं. ३ बमोजिमको विनियोजन विधेयकलाई समाहित गरी बेनी नगरपालिकाको १७ औँ नगर सभामा नगर उपप्रमुखद्वारा प्रस्तुत हुने बजेट वक्तव्य तयार गर्न बेनी नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने।

५. बेनी नगरपालिकाको आगामी नगर सभामा प्रस्तुत गर्ने गरी तयार भई पेस हुन आएको अनुसूची (४) बमोजिमको न्यायिक समितिको वार्षिक प्रतिवेदन, २०८२ नगर सभामा पेस गर्ने गरी स्वीकृत गर्ने।

६. बेनी नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्ने प्रयोजनार्थ बेनी नगर कार्यपालिकाको कार्यालय मातहतका विषयगत शाखाबाट तयार गरी स्वीकृतका लागि पेस हुन आएका तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने।

**तपसिल:**

क) समुदायमा आधारित सर्भिलेन्स कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ख) कृषक तथा पशुपालन समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०८२

ग) मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यविधि, २०८२

सुरत के.सी.

नगर प्रमुख

CamScanner

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

७. बेनी नगरपालिका, वडा नं. ७ स्थित कालिगण्डकी नदी तथा म्याग्दी नदीको दोभानमा शुरु लागत अनुमान रु ७२,७३,९६३.४५ बराबरको कालिगण्डकी स्वच्छताका लागि पूर्वाधार निर्माण योजना (ठेक्का नं. BN/NCB/W/RP/01/2081-82) ठेक्का आव्हान भएकोमा कम कबोल गर्ने निर्माण कम्पनीबाट रु ५३,०५,२१७.२४ मा सम्झौता भई योजना निर्माणाधीन रहेकोमा सो क्षेत्रमा केही थप पूर्वाधार निर्माण कार्य गर्नुपर्ने देखिएकोले उक्त योजनाको घटी हुने जाने रकमबाट व्ययभार हुने गरी प्राविधिक पुष्ठाई अनुसार हुन आएको भेरियसन पश्चातको लागत अनुमान रु ८१,८५,२१५.७८ बमोजिम थप पूर्वाधार निर्माण गर्न सोही कम्पनीसँग भेरियसन पछिको सम्झौता रकम रु ५९,९३,६७९.६ (१२.५३ % बढी) हुने गरी स्वीकृत गर्ने।

८. बेनी नगरपालिका, वडा नं. १ मा निर्माणाधीन परम वैदिक सनातन तथा लक्ष्मी श्रीहरी मन्दिर संरचना निर्माण योजना (ठेक्का नं. BM/NCB/W/B/02/2081-82) सम्बन्धमा लागत अनुमान बमोजिम निर्माण कार्य गर्दा योजनाको शुरु लागत अनुमान भन्दा १२.०७ प्रतिशतले कम कार्य हुने देखिएकोले सो बमोजिमको प्राविधिक पुष्ठाई अनुसार जारी गरिएको भेरियसन अडर स्वीकृत गर्ने।

९. बेनी नगरपालिकाको चालु आर्थिक वर्षको बजेटमा **"युवा विद्यार्थीसँग मेयर कार्यक्रम"** र **"युवा तथा खेलकुद"** शिर्षकमा विनियोजित रकमबाट व्ययभार हुने गरी **"प्रकाश मा.वि. पखाल र घेराबार निर्माण योजना"** का लागि ३,००,००० (अक्षरुपी तीन लाख रुपैयाँ) विनियोजन गर्ने।

१०. बेनी नगरपालिकाको चालु आर्थिक वर्षको बजेटमा **"मेयरसँग सामाजिक विकास कार्यक्रम"** शिर्षकमा विनियोजित रकमबाट व्ययभार हुने गरी देहायका योजनाहरु अगाडि बढाउने।

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | डाँडाबारी देखि थाकनपोखरी विद्यालय सम्मको गोरेटो बाटो मर्मत | ५०,००० (पचास हजार) | |
| २ | डिम्ब आ.वि. होस्टेल मर्मत | २,००,००० (दुई लाख) | |
| ३ | सरस्वती मा.वि. तातोपानी पूर्वाधार संरचना सुधार | ४,००,००० (चार लाख) | |
| ४ | साइबाबा मन्दिर संरक्षण | ३,५०,००० (तीन लाख पचास हजार) | |
| ५ | ढोल्ठान दरबार मर्मत सम्भार योजना | ५०,००० (पचास हजार) | |
| ६ | स्वर्गाश्रम फर्निचर सामग्री सहयोग | १,००,००० (एक लाख) | |
| ७ | नवज्योती आ.वि. मर्मत | २,००,००० (दुई लाख) | |
| ८ | कालीपुल प्रवेश गेट | ३५,००० (पैतिस हजार) | |
| जम्मा | | १३,८५,००० (तेह्र लाख पचासी हजार) | |

सुरेत के.सी.
नगर प्रमुख

११. बेनी नगरपालिकाको चालु आर्थिक वर्षको बजेटमा वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ "**मोटरबाटो सरसफाई तथा मर्मत**" शिर्षकमा विनियोजित रकमबाट व्ययभार हुने गरी देहायका योजनाहरु अगाडि बढाउने ।

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | पात्लेखेत स्वास्थ्य चौकी पहुँच मार्ग मर्मत | ४,५०,००० (चार लाख पचास हजार) | |
| २ | भकिम्ली स्वास्थ्य चौकी पहुँच मार्ग मर्मत | ३,००,००० (तीन लाख) | |
| ३ | तल्लो बास्कुना देखि बास्कुना सहकारी सम्म सडक तथा नाली मर्मत | ३,००,००० (तीन लाख) | |
| ४ | गौश्वारा गोवर्द्धन क्षेत्र सडक मर्मत | ५०,००० (पचास हजार) | |
| ५ | घतान वडा कार्यालय पछिको सडक | ३०,००० (तीस हजार) | |
| जम्मा | | ११,३०,००० (एघार लाख तीस हजार) | |

सुरत के.सी.
नगर प्रमुख

CamScanner